# साँफेबगर राजपत्र

साँफेबगर नगरपालिकाद्वारा प्रकाशित

खण्ड ९ संख्या १ मिति २०८२ चैत ०४

## भाग २

## साँफेबगर नगरपालिकाको सूचना

सुदूरपश्चिम प्रदेश स्थानीय तहको कानून निर्माण प्रक्रिया ऐन २०७५ को दफा २४ उपदफा (५) तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ उपदफा (३) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छ:

**महिला सञ्जाल गठन तथा परिचालन कार्यविधि,२०८२**

**<u>प्रस्तावना</u> :** महिलाहरूको सर्वाङ्गीण विकास गर्न उनीहरुको क्षमता विकासको लागि महिलाहरुको नेतृत्वलाई स्थापित गर्दै समाज र विकास निर्माणमा उनीहरुको औचित्यपूर्ण सहभागिताको सुनिश्चितता गर्नका लागि महिला मात्रको संगठन विस्तार गर्न आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी साँफेबगर नगरपालिका नगर कार्यपालिकाले वडा तथा नगर स्तरीय महिला सञ्जाल गठन गर्नको लागि यो कार्यविधि तर्जुमा गरी लागू गरेको छ ।

साँफेबगर नगरपालिका

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "महिला सञ्जाल गठन तथा परिचालन कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधिको साँफेबगर राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ ।

**२.परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) "अध्यक्ष" भन्नाले यस कार्यविधिको दफा ३ र ७ बमोजिम गठन हुने सञ्जालको अध्यक्षलाई सम्झनुपर्छ ।

(ख) "कार्यपालिका" भन्नाले साँफेबगर नगरपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ ।

(ग) "कार्यालय" भन्नाले साँफेबगर नगरकार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ ।

साँफेबगर नगरपालिका

(घ) "कार्यविधि" भन्नाले महिला सञ्जाल गठन तथा परिचालन कार्यविधि¸२०८२ लाई सम्झनुपर्दछ।

(ङ) "नगरपालिका" भन्नाले साँफेबगर नगरकार्यपालिकालाई सम्झनुपर्दछ ।

(च) "पालिका स्तरीय सञ्जाल" भन्नाले यस कार्यविधिको दफा ७ बमोजिमको सञ्जाललाई सम्झनुपर्दछ ।

(छ) "वडा" भन्नाले साँफेबगर नगरपालिका अन्तर्गतका सबै वडालाई सम्झनुपर्दछ ।

(ज) "वडा समिति" भन्नाले सम्बन्धित वडाको वडा समितिलाई सम्झनुपर्दछ ।

(झ) "वडा अध्यक्ष" भन्नाले साँफेबगर नगरपालिका अन्तर्गत सम्पूर्ण वडाका वडा अध्यक्षलाई सम्झनुपर्दछ ।

(ञ) "वडा स्तरीय महिला सञ्जाल" भन्नाले कार्विधिको दफा ३ बमोजिम प्रत्येक वडामा गठन हुने महिला सञ्जाललाई सम्झनुपर्छ ।

(ट) "सदस्य" भन्नाले यस कार्यविधि बमोजिम गठन हुने सञ्जालका सदस्यलाई सम्झनुपर्छ ।

**३.उद्देश्य: (**क) विभिन्न क्षेत्रमा पछाडी पारिएका महिलाहरुलाई आत्मनिर्भर बनाउने,

(ख) पछाडी पारिएका महिलाहरुलाई मूलप्रवाहीकरणमा ल्याउने,

(ग) महिलाहरुको क्षमता विकास गरी समाज परिवर्तन र विकास निर्माणमा उनीहरुको औचित्यपूर्ण सहभागिता गराउने,

(घ) रुढिवादी परम्परा, महिला हिंसा, लैंगिक हिंसा, घरेलु हिंसालाई अन्त्य तथा न्यूनीकरण गर्ने काममा महिलाहरुलाई नेतृत्व लिन लगाउने,

साँफेबगर नगरपालिका

## परिच्छेद-२

## वडा स्तरीय महिला सञ्जाल सम्बन्धी व्यवस्था

**४. सञ्जालको गठनः** (१) सञ्जालको गठन अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र ११ जना सदस्य सहित १५ सदस्यीय समिति देहाय बमोजिम हुनेछ :

क. प्रत्येक वडामा बसोबास गरेका महिलाको एक भेलाको आयोजना गर्ने

ख. भेलाको अध्यक्षता वडा अध्यक्षले गर्ने, प्रथम पटकको भेलाको लागि मात्र, अन्य भेलाको अध्यक्षता सञ्जालको अध्यक्षले गर्नेछ

ग. भेलाले आफुहरुमध्येबाट छनौट गरेको एक जना - अध्यक्ष

घ. भेलाले आफुहरुमध्येबाट छनौट गरेको एक जना -उपाध्यक्ष

ङ. भेलाले आफुहरुमध्येबाट छनौट गरेको एक जना - कोषाध्यक्ष

च. वडाको कुनै पनि टोल नछुट्ने गरी नौ जना - सदस्य

छ. सम्बन्धित वडामा महिलाको क्षेत्रमा कार्यरत संघ संस्था र सहकारीबाट छनौट भएको दुई जना - सदस्य

ज. भेलाले आफुहरुमध्येबाट छनौट गरेको एक जना - सचिव

(२) सञ्जालको बैठकमा महिला सदस्यलाई आमन्त्रण गर्नु पर्नेछ ।

(३) उपदफा ग, घ र ङ को पदाधिकारी छनौट गर्दा एक जना दलित महिला अनिवार्य छनौट गर्नुपर्नेछ ।

(४) सञ्जालको पदावधि २ वर्षको हुनेछ ।

(५) सञ्जालमा कुनै पदाधिकारी वा सदस्यले सञ्जालको हित विपरितको कार्य गरेमा त्यस्तो सदस्य वा पदाधिकारीलाई सञ्जालको निर्णयबाट हटाउन सकिनेछ । तर यसरी हटाउँदा निजलाई आफ्नो राय राख्ने अवसर दिनुपर्नेछ ।

(६) भेलाले नगर स्तरीय महिला सञ्जाल गठन गर्ने उद्देश्यको लागि एक जना दलित

महिला सहित तिन जना प्रतिनिधि छनौट गर्नेछ।

(७) नगर स्तरीय भेलाको प्रतिनिधि छनौट गर्दा वडा स्तरीय महिला सञ्जालमा रहेको कुनै पनि महिलालाई प्रतिनिधिको रुपमा छनौट गर्न पाइने छैन ।

**५. सञ्जालको बैठक र निर्णयः** (१) सञ्जालको बैठक कम्तीमा दुई महिनामा एक पटक तथा आवश्यकता अनुसार जहिले पनि सम्बन्धित वडा कार्यालयमा बस्ने छ।

(२) अध्यक्षले तोकेको मिति समय स्थानमा समितिको बैठक बस्नेछ।

(३) सञ्जालको बैठक हुनुभन्दा कम्तीमा चौबिस घण्टा अगावै सदस्यहरुलाई सुचना दिनुपर्नेछ।

(४) सञ्जालको कुल सदस्य संख्याको एकाउन्न प्रतिशत भन्दा बढी सदस्यहरुको उपस्थिति भएमा सञ्जालको बैठकको लागि गणपुरक संख्या मानिनेछ।

(५) सञ्जालको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(६) सञ्जालको बैठकको निर्णय बैठकको अध्यक्षता गर्ने व्यक्तिले प्रमाणित गरी राख्नेछ ।

(७) सञ्जालको बैठकमा वडा अध्यक्ष र महिला सदस्यलाई आमन्त्रण गर्नुपर्नेछ ।

**६. सञ्जालको काम, कर्तव्य र अधिकारः** यस कार्यविधिको अन्यत्र नियममा उल्लेखित काम कर्तव्य र अधिकारको अतिरिक्त सञ्जालको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ;

(क) महिला सशक्तिकरण तथा मुलप्रवाहीकरण, लैङ्गिक हिंसा न्युनीकरण तथा महिलाहरुलाई उद्यमशील बनाउनका लागि आवश्यक कार्यक्रमको प्रस्तावना तयार गरी आवश्यक बजेटको लागि वडा समितिमा पेश गर्ने ।

(ख) वडाभित्र क्रियासिल महिलासँग सम्बन्धित संघ संस्थाहरु बिच आवश्यक समन्वय एवम् सहकार्य गरी महिलाहरुको क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने।

(ग) महिलालाई सर्वाङ्गीण विकासको मुलप्रवाहमा परिचालन गर्न

अभियानमुलक कार्यहरु सञ्चालन गर्ने गराउने ।

(घ) कार्यपालिका तथा वडा समितिले तोकेको अन्य कार्य गर्ने गराउने ।

साँफेबगर नगरपालिका

## परिच्छेद-३

## पालिकास्तरीय महिला सञ्लाल

**७. सञ्जाल गठनः** (१) कार्यपालिकाको प्रत्यक्ष मातहतमा रहने गरी अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र १७ जना सदस्य सहित २१ सदस्यीय नगरपालिका स्तरीय महिला सञ्जाल देहाय बमोजिम गठन हुनेछः

क. नगर स्तरीय महिला सञ्जाल गठन गर्नको लागि प्रत्येक वडाबाट प्रतिनिधिको रुपमा पठाइएको महिलाहरुको भेलाको आयोजना गरिनेछ,

ख. भेलाको अध्यक्षता नगर उप प्रमुखले गर्नेछन्, प्रथम पटकको भेलाको लागि मात्र, अन्य भेलाको अध्यक्षता सञ्जालको अध्यक्षले गर्नेछ

ग. भेलाले आफू मध्येबाट छनौट गरेको एक जना महिला - अध्यक्ष

घ. भेलाले आफू मध्येबाट छनौट गरेको एक जना महिला -उपाध्यक्ष

ङ. भेलाले आफू मध्येबाट छनौट गरेको एक जना महिला - कोषाध्यक्ष

च. कुनैपनि वडा नछुट्ने गरी चौध जना सहित १७ जना महिला - सदस्य

छ. कार्यालयको महिला विकास शाखा हेर्ने शाखा प्रमुख - सदस्य सचिव

२. सञ्जालको बैठकमा महिला कार्यपालिका सदस्यलाई आमन्त्रण गर्नु पर्नेछ ।

३. उपनियम १ को खण्ड (ग), (घ) र (ङ) बमोजिमका पदाधिकारीहरुको छनौट गर्दा एकजना दलत महिला अनिवार्य छनौट गर्नुपर्नेछ।

४. सञ्जालको पदावधि दुई वर्षको हुनेछ ।

५. उपनियम (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै पदाधिकारी वा सदस्यले आफ्नो पद अनुरुपको आचरण नगरेको भनी सञ्जालको बहुमत सदस्यले ठहर गरेमा सञ्जालको निर्णयबाट त्यस्तो पदाधिकारी वा सदस्यलाई जुनसुकै समय निजको पदबाट हटाउन सक्नेछ।तर पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

**८. सञ्जालको बैटक र निर्णयः** (१) सञ्जालको बैठक कम्तीमा दुई महिनामा एक पटक र आवश्यकता अनुसार जहिलेसुकै बस्न सक्नेछ ।

२. अध्यक्षले तोकेको मिति, समय  र स्थानमा समितिको बैठक बस्नेछ ।

३. सञ्जालको बैठक हुनुभन्दा कम्तीमा चौबिस घण्टा अगावै बैठकको सुचना सदस्य सचिवले सदस्यहरुलाई दिनेछ ।

४. सञ्जालको कुल सदस्य संख्याको एकाउन्न प्रतिशत भन्दा बढी सदस्यहरुको उपस्थिति भएमा सञ्जालको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

५. सञ्जालको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

६. सञ्जालको बैठकको निर्णय बैठकको अध्यक्षता गर्ने व्यक्तिले प्रमाणित गरी राख्नेछ ।

**९. सञ्जालको काम कर्तव्य र अधिकारः** यस कार्यविधिको अन्यत्र नियममा उल्लेखित काम कर्तव्य र अधिकारको अतिरिक्त सञ्जालको काम कर्तव्य र अधिकार  देहाय बमोजिम हुनेछ ।

(क) महिला विकास सम्बन्धी नगरपालिकास्तरीय दीर्घकालिन नीतिको मस्यौदा तर्जुमा गरी कार्यपालिकामा पेश गर्ने ।

(ख) महिला विकास, सशक्तिकरण एवम् मुलप्रवाहीकरण, महिलालाई उद्यमशील तथा आत्मनिर्भर बनाउनका लागि आवश्यक क्षेत्र पहिचान तथा महिला लक्षित नगरपालिकास्तरीय वार्षिक कार्यक्रमहरुको प्रस्तावना तयार गरी आवश्यक बजेटका लागि कार्यपालिकामा पेश गर्ने ।

(ग) नगरपालिक क्षेत्रभित्रका महिलाहरुलाई विकासको मुल प्रवाहमा परिचालन गर्न अभियानमुलक कार्य सञ्चालन गर्ने गराउने ।

(घ) नगरपालिकामा क्रियासिल महिलासँग सम्बन्धित संघ संस्थाहरु बिच आवश्यक समन्वय एवम् सहकार्य गरी महिलाहरुको क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने।

(ङ) कार्यपालिकाले तोकेको अन्य कार्य गर्ने, गराउने ।

(च) वर्षको एकपटक प्रतिनिधि भेलाको योजना गर्ने।

आज्ञाले
देवसरा कुमारी थापा
नि.प्रमुख प्रशासकीय अधिकृत

साँफेबगर नगरपालिका